कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड
# Karnali Development Bank Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको मान्यता प्राप्त"

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)
(बर्दिया, बाँके, र दाङ्ग जिल्ला गरी ३ जिल्लाकार्यक्षेत्र भएको)
नेपलगञ्ज उप.म.न.पा. २, बाँके, नेपाल ।
फोन नं. : ०८१–५२६०१४, ०८१–५२६०१५ फ्याक्स नं. ०८१–५२५९८६
E-mail: info@kdblnepal.com, kdbl@ntc.net.npWebsite: www.kdblnepal.com

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

| |
|---|
| हाल कायम चुक्ता पूँजी रु.१५,१०,००,०००/–को एक शेयर बराबर एक शेयर (१ : २.२५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ २.२५ कित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु.३३,९७,५०,०००/–बराबरको प्रति शेयर रु. १००/-अंकित दरका ३३,९७,५०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित । |
| **दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।** |
| **निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :** हामीलाई **कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।<br><br>धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस डेभलपमेन्ट बैंकले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा (व) मा उल्लेख गरिएको छ । |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/ ०९/०२ गते ।
**हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७४/१०/११ गते ।**
**हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७४/११/१६ गते (बैंकिङ समय पश्चात्) ।**

## धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक

**prabhu CAPITAL प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, फोन नं. ४२२२५३५, ४२२२५८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)

क) **संगठित संस्थाको नाम** : कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड **(Karnali Development Bank Limited)**

ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** :यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नेपालगञ्ज उप.म.न.पा. २, बाँकेमा रहेकोछ।

ग) **कारोबार स्थान** : यस डेभलपमेन्ट बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान नेपालगञ्ज उप.म.न.पा. २, बाँकेमारहेकोछ । यसको अलावा डेभलपमेन्टबैंकले आफ्नो तीन जिल्लाको कार्यक्षेत्र अन्तर्गत बाँके, बर्दिया र दाङ्ग जिल्लाको कोहलपुर, खजुरा, भुरीगाँउ, बाँसगढी, सानोश्री, गुलरिया,राजापुर, तुलसीपुर, घोराही, लमही, गढवा र भालुबाङ स्थित आफ्नो शाखा कार्यालय मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । साथै यस डेभलपमेन्ट बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य** :कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५९/११/२२ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६०/१०/२२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६०/११/०६गते देखि डेभलपमेन्ट बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस डेभलपमेन्टबैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यबसाय) गर्ने यस डेभलपमेन्ट बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) डेभलपमेन्ट बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

इ) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुर्‍याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुर्‍याउने, र

उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

ङ) **शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजीः** यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.६०,००,००,०००/–(अक्षरेपी साठी करोड) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ६०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजीः** यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.४९,०७,५०,०००/–(अक्षरेपी उनन्पचास करोड सात लाख पचास हजार) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ४९,०७,५०० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी** : हाल डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.१५,१०,००,०००/-(अक्षरेपी पन्ध्र करोड दश लाख) रहेको छ, जसलाई प्रति शेयर रु.१००/-अंकित मूल्यका १५,१०,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।यस विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.४९,०७,५०,०००/–(अक्षरेपीउनन्पचास करोड सात लाख पचास हजार) हुनेछ ।

च) **हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नुपूर्व डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयर शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ७,७०,१०० | ५१% | ७,७०,१०,०००/– | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ७,३९,९०० | ४९% | ७,३९,९०,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **१५,१०,०००** | **१००%** | **१५,१०,००,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | २५,०२,८२५ | ५१% | २५,०२,८२,५००/– | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | २४,०४,६७५ | ४९% | २४,०४,६७,५००/– | शतप्रतिशत |
| | **जम्मा** | **४९,०७,५००** | **१००%** | **४९,०७,५०,०००/–** | |

छ) **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) र शेयर संख्या:**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्री राजेन्द्र वीर राय | नेपालगञ्ज १३, सुर्खेत रोड, बाँके | २,२६,२६० | २,२६,२६,०००।०० | शत् प्रतिशत |
| २ | श्री श्याम थापा | काठमाण्डौं ३५ | ७,३५६ | ७,३५,६००।०० | शत् प्रतिशत |
| ३ | श्री पशुपती दयाल मिश्र | नेपालगञ्ज ५, गणेशपुर, बाँके | ३०,५२२ | ३०,५२,२००।०० | शत् प्रतिशत |
| ४ | श्री माधव बस्नेत | दधिकोट ९, भक्तपुर | ८,३२५ | ८,३२,५००।०० | शत् प्रतिशत |
| ५ | श्री हेमराज भण्डारी | धनौरी १, चिलरिया, दाङ | ५,५५० | ५,५५,०००।०० | शत् प्रतिशत |
| ६ | श्री कौशल अधिकारी | बिजौरी ८, दाङ | ४,१६२ | ४,१६,२००।०० | शत् प्रतिशत |
| ७ | श्री उमेश कुमार रेग्मी | ठिमि १५, भक्तपुर | ४,१६२ | ४,१६,२००।०० | शत् प्रतिशत |
| ८ | श्री नवराज सापकोटा | महादेवस्थान ४, काभ्रे | ३,७७५ | ३,७७,५००।०० | शत् प्रतिशत |
| ९ | श्री कृष्ण प्रसाद गेलाल | खोटाङ ५, | ३,७७५ | ३,७७,५००।०० | शत् प्रतिशत |
| १० | श्री विष्णु प्रसाद खतिवडा | उर्लाबारी ९, तेह्रथुम | २,७७५ | २,७७,५००।०० | शत् प्रतिशत |
| ११ | श्री देव कुमार शाह | ठिमि १५, भक्तपुर | २,७७५ | २,७७,५००।०० | शत् प्रतिशत |
| १२ | श्री सुरेन्द्र कुमार पोखेल | चाबहिल ६, काठमाण्डौं | ३,७७५ | ३,७७,५००।०० | शत् प्रतिशत |
| १३ | श्री राजेश उदास | चिसापानी ८, सरस्वतीनगर, खोटाङ | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| १४ | श्री छत्र बहादुर बस्नेत | जलजला ४, संखुवासभा | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| १५ | श्री इँन्द्र शेखर खड्का | मैतिदेवि ३३, काठमाण्डौं | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| १६ | श्री विजय बहादुर मानन्धर | मानभवन ५, ललितपुर | ४१६ | ४१,६००।०० | शत् प्रतिशत |
| १७ | श्री राजेश लाल श्रेष्ठ | कुपनडोल ११, ललितपुर | १८८ | १८,८००।०० | शत् प्रतिशत |
| १८ | श्री कृष्ण ब. थापा | का.म.न.पा. ७, काठमाण्डौं | १,०८५ | १,०८,५००।०० | शत् प्रतिशत |
| १९ | श्री तारा गुरुङ | का.म.न.पा. ६, धापासी, काठमाण्डौं | १,२४,४१३ | १,२४,४१,३००।०० | शत् प्रतिशत |
| २० | श्री यम प्रसाद गुप्ता | मानपुर १, दाङ | १४,१५२ | १४,१५,२००।०० | शत् प्रतिशत |
| २१ | श्री असन्त वीर राय | बसुन्धरा, काठमाण्डौं | ६,९३७ | ६,९३,७००।०० | शत् प्रतिशत |
| २२ | श्री ओम प्रताप राणा | नेपालगञ्ज १५, बाँके | ७,५५० | ७,५५,०००।०० | शत् प्रतिशत |
| २३ | श्री ज्ञान प्रसाद मैनाली | कारकादो ८, बाँके | ५,५५० | ५,५५,०००।०० | शत् प्रतिशत |
| २४ | श्री बसन्त राज शर्मा | तुल्सीपुर ५, टरीगाँउ, दाङ | ४,४४० | ४,४४,०००।०० | शत् प्रतिशत |
| २५ | श्री अमर जीत सिहं | नेपालगञ्ज १४, बाँके | ४,१६२ | ४,१६,२००।०० | शत् प्रतिशत |
| २६ | श्री शंकर थापा | गाँउ पार्क ९, बाँके | २,७७५ | २,७७,५००।०० | शत् प्रतिशत |
| २७ | श्री पार्थ भुसाल | डेउढाकला १, बर्दिया | ५,७७५ | ५,७७,५००।०० | शत् प्रतिशत |
| २८ | श्री उषा श्रेष्ठ | घोराहि ११, दाङ | ३,७७५ | ३,७७,५००।०० | शत् प्रतिशत |
| २९ | श्री कृष्ण काजी श्रेष्ठ | उढारपुर २, बाँके | २,४२८ | २,४२,८००।०० | शत् प्रतिशत |
| ३० | श्री भवानी राणा | नेपालगञ्ज २, बाँके | २,४२८ | २,४२,८००।०० | शत् प्रतिशत |
| ३१ | श्री सरस्वती शर्मा | वगनाह ४, वर्दिया | १,७३४ | १,७३,४००।०० | शत् प्रतिशत |
| ३२ | श्री तुल्सिराम रेग्मी | डुरुवा ७, दाङ | १,६६५ | १,६६,५००।०० | शत् प्रतिशत |
| ३३ | श्री कृष्ण प्रसाद शर्मा | ढिकपुर १, दाङ | १,६६५ | १,६६,५००।०० | शत् प्रतिशत |
| ३४ | श्री कमला बोहरा | धनगढी ४, कैलाली | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | श्री अनिल कुमार न्यौपाने | हापुर ४, दाङ | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| ३६ | श्री विष्णु प्रसाद कक्षपति | नेपालगञ्ज १३, बाँके | १,५१० | १,५१,०००।०० | शत् प्रतिशत |
| ३७ | श्री ओम प्रकाश आजाद | नेपालगञ्ज १०, बाँके | १,४१५ | १,४१,५००।०० | शत् प्रतिशत |
| ३८ | श्री राजुराज श्रेष्ठ | नेपालगञ्ज २, बाँके | १,०४० | १,०४,०००।०० | शत् प्रतिशत |
| ३९ | श्री प्रदिप कुमार शाह | धनौरी ८, दाङ | १,०४० | १,०४,०००।०० | शत् प्रतिशत |
| ४० | श्री कमला डि.सी | त्रिभुवन नगर १०, दाङ | १,०४० | १,०४,०००।०० | शत् प्रतिशत |
| ४१ | श्री सुमित्रा मानन्धर (राय) | किर्तिपुर १, काठमाण्डौं | २२२ | २२,२००।०० | शत् प्रतिशत |
| ४२ | श्री रिजेन्द्र वीर राय | किर्तिपुर १, काठमाण्डौं | २२२ | २२,२००।०० | शत् प्रतिशत |
| ४३ | श्री रुजेन्द्र वीर राय | किर्तिपुर १, काठमाण्डौं | २२२ | २२,२००।०० | शत् प्रतिशत |
| ४४ | श्री डा. उषा शाह | नेपालगञ्ज १३, बाँके | १५,०८१ | १५,०८,१००।०० | शत् प्रतिशत |
| ४५ | श्री रत्न राज श्रेष्ठ | खलंगा ६, प्युठान | ४,४४० | ४,४४,०००।०० | शत् प्रतिशत |
| ४६ | श्री पशुपति नारायण नकर्मी | खलंगा ९, प्युठान | २,२२० | २,२२,०००।०० | शत् प्रतिशत |
| ४७ | श्री इश्वर नारायण नकर्मी | खलंगा ६, प्युठान | १,११० | १,११,०००।०० | शत् प्रतिशत |
| ४८ | श्री कृष्ण ब थापा | तुलसीपुर ६, दाङ | ३०२ | ३०,२००।०० | शत् प्रतिशत |
| ४९ | श्री पूजिता श्रेष्ठ | नेपालगञ्ज ८, बाँके | १,६९९ | १,६९,९००।०० | शत् प्रतिशत |
| ५० | श्री कृषिता श्रेष्ठ | नेपालगञ्ज ८, बाँके | १,६९९ | १,६९,९००।०० | शत् प्रतिशत |
| ५१ | श्री रिसब श्रेष्ठ | नेपालगञ्ज ८, बाँके | १,६९९ | १,६९,९००।०० | शत् प्रतिशत |
| ५२ | श्री अरुणा श्रेष्ठ (चित्रकार) | नेपालगञ्ज ८, बाँके | १,६९९ | १,६९,९००।०० | शत् प्रतिशत |
| ५३ | श्री प्रकृति शाह | नेपालगञ्ज १३, बाँके | १५,०८१ | १५,०८,१००।०० | शत् प्रतिशत |
| ५४ | श्री किरण बहादुर शाह | नेपालगञ्ज १३, बाँके | १५,०८१ | १५,०८,१००।०० | शत् प्रतिशत |
| ५५ | श्री हसिम अलि सिद्दिकी | नेपालगञ्ज १, बाँके | ९,७१२ | ९,७१,२००।०० | शत् प्रतिशत |
| ५६ | श्री सबनम सिद्दिकी | नेपालगञ्ज ५, बाँके | ६,९३७ | ६,९३,७००।०० | शत् प्रतिशत |
| ५७ | श्री मोहन राम मिश्र | हिरमिनियाँ १, बाँके | ८,३२५ | ८,३२,५००।०० | शत् प्रतिशत |
| ५८ | श्री भरत प्र रेग्मी | घोराहि १०, दाङ | ४,१६२ | ४,१६,२००।०० | शत् प्रतिशत |
| ५९ | श्री सन्तोष श्रेष्ठ | आरुचनौटे ३, गोरखा | ३,०५२ | ३,०५,२००।०० | शत् प्रतिशत |
| ६० | श्री गोबिन्द प्रसाद लामिछाने | तुलसीपुर ९, दाङ | ३,७७५ | ३,७७,५००।०० | शत् प्रतिशत |
| ६१ | श्री डिल बहादुर श्रेष्ठ | नारायण १, दैलेख | २,७७५ | २,७७,५००।०० | शत् प्रतिशत |
| ६२ | श्री गंगा कुमारी महत | गोविन्दपुर ३, बेलासपुर, सिराह | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| ६३ | श्री पुजा शाह | नेपालगञ्ज १३, बाँके | १,८८७ | १,८८,७००।०० | शत् प्रतिशत |
| ६४ | श्री भुनु शाह | काठमाण्डौं १, काठमाण्डौं | ९४३ | ९४,३००।०० | शत् प्रतिशत |
| ६५ | श्री शिला कुमारी चौधरी | नेपालगञ्ज १३, बाँके | ४७१ | ४७,१००।०० | शत् प्रतिशत |
| ६६ | श्री शंकर दयाल मिश्र | नेपालगञ्ज, बाँके | ६,९३७ | ६,९३,७००।०० | शत् प्रतिशत |
| ६७ | श्री कृष्णलाल श्रेष्ठ | परसपुर, बाँके | १,५२६ | १,५२,६००।०० | शत् प्रतिशत |
| ६८ | श्री ननी गुरुङसेनी | सानोश्री ९, बर्दिया | १,८८७ | १,८८,७००।०० | शत् प्रतिशत |
| ६९ | श्री दिनेश कुमार श्रेष्ठ | खलंगा ९, प्युठान | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| ७० | श्री यमलाल श्रेष्ठ | खलंगा ५, प्युठान | १,३८७ | १,३८,७००।०० | शत् प्रतिशत |
| ७१ | श्री बासुदेव नकर्मी | खलंगा ९, प्युठान | ६९३ | ६९,३००।०० | शत् प्रतिशत |
| ७२ | श्री पुष्पराज गुरुङ | नेपालगञ्ज ५, बाँके | १३८ | १३,८००।०० | शत् प्रतिशत |
| ७३ | श्री पुष्कर धिताल | उरहरी ८, दाङ | २,०८१ | २,०८,१००।०० | शत् प्रतिशत |
| ७४ | श्री प्रेम कुमार सुनुवार | रस्नाणु ४, रामेछाप | १,११० | १,११,०००।०० | शत् प्रतिशत |
| ७५ | श्री कृष्ण बहादुर अधिकारी | व्यास ४, तनहु | ६९३ | ६९,३००।०० | शत् प्रतिशत |
| | श्री मन कुमारी चौधरी | | २४० | २४,०००।०० | शत् प्रतिशत |
| ७६ | श्री सुनौलो इन्भेष्टमेन्ट प्रा.ली | | १,१६,३७५ | १,१६,३७,५००।०० | शत् प्रतिशत |
| ७७ | श्री सन्तोष कुमार सिंह | | ५,००० | ५,००,०००।०० | शत् प्रतिशत |
| ७८ | श्री मोद इफरान | | १०,००० | १०,००,०००।०० | शत् प्रतिशत |
| ७९ | श्री उमाकान्त शर्मा | | ९,०९० | ९,०९,०००।०० | शत् प्रतिशत |
| | **जम्मा** | | **७,७०,०७७** | **७,७०,०७,७००।००** | शत् प्रतिशत |
| | **खन्डित शेयर कित्ता** | | **२३** | **२,३००।००** | शत् प्रतिशत |
| | **संस्थापक समुहको जम्मा** | | **७,७०,१००** | **७,७०,१०,०००** | शत् प्रतिशत |
| | **सर्वसाधारण समुहको जम्मा** | | **७,३९,९००** | **७,३९,९०,०००** | शत् प्रतिशत |
| | **कुल जम्मा** | | **१५,१०,०००** | **१५,१०,००,०००** | शत् प्रतिशत |
| | | | | | |

(ख) **संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) र शेयर संख्या :**

**संस्थागत संस्थापकको नाम** : सुनौलो ईन्भेष्टमेन्ट प्रा.लि.

**ठेगाना** : नेपालगँज, बाँके

**शेयर संख्या** : १,१६,३७५

| सि.नं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | तुल बहादुर गुरुङ्ग | प्रबन्ध संचालक | सानोश्री ३, बर्दिया |
| २. | डम्मर बहादुर थापा | संचालक | नेपालगँज १८, बाँके |

ज) **निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या (बोनश शेयर बाहेक) १५,१०,००० कित्ताको एक शेयर बराबर दुई दशमलव दुई पाँच शेयर (१ : २.२५) को अनुपातमा (अर्थात् हाल कायम १ कित्ता साधारण शेयर बराबर नयाँ २.२५ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु. १००/- का दरले जम्मा ३३,९७,५०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

झ) **धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा भएको निर्णय :

बैंकको विशेष साधारण सभाबाट हाल कायम चुक्ता पूँजी रु.१५ करोड १० लाखको आधारमा १ :२.२५ बराबरको अनुपातमा हकप्रद शेयर जारी गरी चुक्ता तथा जारी पूँजी रु.४९ करोड७ लाख ५० हजार पुर्‍याउने निर्णय गरियो ।

विशेषसाधारण सभा सम्पन्न भएको मिति :२०७४/०३/०३ **गते** ।

ञ) **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

डेभलपमेन्ट बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम | पद | ठेगाना | योग्यता | व्यावसायिक अनुभव | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|---|
| १. | पशुपती दयाल मिश्रा | अध्यक्ष | नेपालगँज-५, बाँके | स्नातकोत्तर तह 1989 ADमा अवध विश्वविघालय फैजावाद बाट उर्तीण | मिति २०६२ देखि २०६३ सम्म सभापति, जिल्ला विकास समिति बाँके,पूर्व संचालक मिति २०५२ देखि ५९ सम्म सहकारी वित्तिय विकास संस्था लि.बाँके,संचालक मिति २०६२ देखि हालसम्म रेडियो बागेश्वरी एफ.एम बाँके ,यस बैंकको मिति २०५९।१२।०४ देखि २०६६।०६।३१ सम्म संस्थापक संचालक र मिति २०६६।०६।३१ देखि हाल सम्म अध्यक्ष तथा केन्द्रिय सदस्य तमलोपा मिति २०६३ देखि हाल सम्म | संस्थापक समूह |
| २. | डा.उषा शाह | संचालक | नेपालगँज-१३ बाँके | University of Punjab बाट 1974 ADमा एम.वि.वि.एस उर्तीण | यस बैंकमा मिति २०५९।१२।०४,देखि २०६६।०४।०२ सम्म र पुन मिति २०७०।१०।०२ देखि हाल सम्म संचालक,रोटरी क्लवको मिति २००० सन् को अध्यक्ष ,उपाध्यक्ष युएमए नेपालगंज तथा भेरी हस्पिटल लिमिटेडको बरिष्ठ चिकित्सक पेशामा संलग्न | संस्थापक समूह |
| ३. | ओम प्रताप राणा | संचालक | नेपालगँज-१५ बाँक | प्रमाणपत्र तह विश्व हिन्दु विश्वविद्यालय बनासर भारत वि.स. २०३० मा उर्तीण | यस बैंकमा मिति २०५९।१२।०४,देखि २०६६।०४।०२ सम्म र पुन मिति २०७०।१०।०२ देखि हाल सम्म संचालक , FNCCIबाँकेको मिति २०५७ देखि मिति २०६४ सम्म अध्यक्ष,ओपी सर्भिस सेन्टर प्रा.लि.को मिति देखि हाल सम्म प्रबन्ध संचालक | संस्थापक समूह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | टंक बहादुर बस्नेत | संचालक | नेपालगँज बाँके | प्रमाणपत्र तह वि.स २०५१ मा महेन्द्र बहुमुखी क्याम्पस नेपालगंजबाट उर्तीण | यस बैंकमा मिति २०६८।०६।०७ गते देखि हाल सम्म संचालक , लेखापढि तथा कानुन व्यवसायमा संलग्न | सर्वसाधारण समूह |
| ५. | उषा कुमारी भण्डारी | संचालक | चैलाही ०२, दाङ्ग | प्रमाणपत्र तह वि.स २०६८ मा बनगाऊँ क्याम्पस देउखुरी दाङबाट | यस बैंकमा मिति २०६८।०६।०७ गते देखि हाल सम्म संचालक ,शिक्षण पेशामा विगत १५ वर्ष देखि कार्यरत हाल चैलाहि स्कुलमा प्राथमिक तहमा कार्यरत तथा व्यवसायमा संलग्न | सर्वसाधारण समूह |
| ६. | संचालक समितिमा एक जना संचालकको पद रिक्त रहेको । | | | | | सर्वसाधारण समूह |

**डेभलपमेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

**नाम** :श्री राजेन्द्र वीर राय ।

**ठेगाना** : नेपालगञ्ज १३, सुर्खेत रोड, बाँके ।

**योग्यता** : एम.ए.

**अनुभव** : ललितपुर फाइनान्स लिमिटेडमा अध्यक्ष / संचालकको रुपमा ६ बर्ष भन्दा बढीको कार्य अनुभव । कर्णाली डेभलपमेण्ट बैंकमा २०५९ साल देखि कार्यकारी अध्यक्षको रुपमा कार्यरत । तत् पश्चात कर्णाली डेभलपमेण्ट बैंकमा २०६८ देखि हाल सम्म प्रमुख कार्यकारी अधिकृतको रुपमा करिव १८ बर्षको कार्य अनुभव ।

ट) **सञ्चालक समितिको बनौट :**

डेभलपमेन्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ६(छ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| “क” समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| “ख” समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| **जम्मा** | **६ जना** |

ठ) **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि डेभलपमेन्ट बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर दुई दशमलव दुई पाँच शेयर (१ : २.२५) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम अथवा आफ्नो कायम हक भन्दा कम शेयरको लागि निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् ।

ड) **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बांकी रहन गएका शेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले निर्णयबाट अत्यन्तै पारदर्शी तवर (जस्तै लिलाम बढाबढको प्रक्रिया) बाट बिक्रि वितरण गरिनेछ ।

ढ) **हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर**(Fraction Share)**मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यसरी बाँडफाँड गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र थप धितोपत्रहरु कम्पनीको बार्षिक साधारण सभाको निर्णयबाट बोर्डमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

क) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरण निम्न अनुसार रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब.०७४ ( आश्विन मसान्त सम्म) | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. शेयर पूँजी | १२०,००० | १३१,००० | १४३,०८० | २१२,९१६ | २१२,९१६ | ५१२,६१५ | ५१२,६१५ | ५१२,६१५ |
| २. जगेडा तथा कोषहरु | १३,९५८ | १३,९१७ | १३,५८२ | १६,३५० | १४,३४६ | २६,३०५ | ३२,७४३ | ४०,३२७ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - | - | - | - | - | - | - |
| ५. निक्षेप दायित्व | १२,६९,९२० | १४,६९,९०८ | १८,२६,५८० | २०,०१,८१४ | २०,८६,६०२ | २२,०१,९९५ | २५,३२,२९४ | २९,१२,१३८ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - | - | - | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १,०५३ | ५७९ | - | ५१५ | - | २५,६३१ | ३५,८८३ | ३५८८३ |
| ८. आयकर दायित्व | १,९४५ | २,५०० | ५,५३९ | ५,६३४ | - | १,५२८ | १,८१७ | १,८६६ |
| ९. अन्य दायित्व | १५,२३४ | १४,२२३ | १७,८७५ | १७,८७० | १२,२२१ | १९,६५७ | २१,६२३ | २३,७८५ |
| **कुल पूँजी तथा दायित्व** | **१४,२२,११०** | **१६,३२,१२७** | **२०,०६,६५६** | **२२,५५,०९९** | **२३,२६,०८५** | **२७,८७,७३१** | **३१,३६,९७५** | **३५,२६,६१४** |
| **सम्पत्ति** | | वास्तविक (रु.हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब.०७४ ( आश्विन मसान्त सम्म) | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. नगद मौज्दात | १,०७,६०४ | १,२७,४३५ | १,३९,५६६ | | | - | - | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३९,४८६ | ८४,९२७ | ११९,८३४ | | | - | - | - |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | १०,२१९ | १,३८,२४२ | २,३४,८०६ | २,६८,०५६ | २,४०,४६६ | २,९४,८६२ | ३,३९,०९१ | ३,८९,९५५ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ४,०८,७७४ | ३,९२,५५३ | ४७६,४५३ | ७६१,०४६ | ७३६,७६२ | ८३७,१५१ | ९,६२,७२४ | ११,०७,१३३ |
| ५.लगानी | ३,००० | ३००० | - | - | - | १,१२,७६३ | १,४८,३९८ | १,८२,८३९ |
| ६.कर्जा सापट तथा बिल खरिद | ७,६१,९९५ | ७,६२,९५६ | ८,३३,८२६ | १०,३९,२२२ | ११,३८,९४४ | १३,५०,९८९ | १४,८६,०८७ | १६,३४,६९५ |
| ७.स्थिर सम्पत्ति | ३१,७५० | ३३,७४५ | ७७,१०१ | ७८,३६२ | ८०,०८३ | ७२,७१२ | ६९,४९७ | ६७,६९५ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | - | ६,८२९ | - | - | - |
| ९.अन्य सम्पत्ति | ५९,२८२ | ८९,२६९ | १,२५,०७० | १०८,४१३ | १२३,००१ | १,१९,२५४ | १,३१,१७९ | १,४४,२९७ |
| **कुल सम्पत्ति** | **१४,२२,११०** | **१६,३२,१२७** | **२०,०६,६५६** | **२२,५५,०९९** | **२३,२६,०८५** | **२७,८७,७३१** | **३१,३६,९७६** | **३५,२६,६१४** |

नोट : आ.ब. २०७३/०७४ को वित्तिय विवरण व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तिय विवरण हो ।

## नाफा नोक्सान हिसाव

| विवरण | वास्तविक (रु. हजारमा) | | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब.०७४ ( आश्विन मसान्त सम्म) | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. व्याज आम्दानी | १,४३,९०३ | १,३२,२२४ | १,३९,६४१ | १,७०,७६५ | २८,४२३ | २,२१,९९५ | २,४४,१९५ | २,६८,६१५ |
| २. व्याज खर्च | ७५,५४७ | ७१,६५६ | ८०,००२ | ९९,८५० | ३३,७५३ | १,०९,८३५ | १,२६,३१० | १,४५,२५७ |
| **खुद ब्याज आम्दानी** | **६८,३५६** | **६०,५६८** | **५९६३९** | **७०,९१५** | **(५३३०)** | **१,१२,१६०** | **१,१७,८८५** | **१,२३,३५८** |
| ३. कमिशन तथा डिस्काउण्ट | २,५३६ | २,५२२ | २,८२३ | २,१८१ | ५६३ | २,३९९ | २,६३९ | २,९०३ |
| ४. अन्य संचालन आम्दानी | ११,८४८ | १०,२०४ | १२०७५ | १९,५१२ | ४,२८३ | २१,४६३ | २३,६०९ | २५,९७० |
| ५. सटही घटबढ आम्दानी | | | | | | | | |
| **कुल संचालन आम्दानी** | **८२,७४०** | **७३,२९४** | **७४,५३७** | **९२,६०८** | **(४८४)** | **१,३६,०२२** | **१,४४,१३३** | **१,५२,२३१** |
| ६. कर्मचारी खर्च | २०,६८५ | २१,०७९ | २२,७३० | २८,६४४ | ९,३०३ | ३२,०८१ | ३५,९३१ | ४०,२४३ |
| ७. अन्य संचालन खर्च | ३१,८१० | ३१,९६३ | ३३,२८८ | ४०,८७४ | ६,२०२ | ४५,७७९ | ५१,२७२ | ५७,४२५ |
| ८. सटही घटबढ नोक्सान | | | | | | | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **३०,२४५** | **२०,२५२** | **१८,५१९** | **२३,०९०** | **(१५,९८९)** | **५८,१६२** | **५६,९३०** | **५४,५६३** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,२७८ | १,२२५ | १९८ | २,४३२ | ९९६ | ७,७५६ | ३,३६१ | ३,६९७ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२६,९६७** | **१९,०२७** | **१८,३२१** | **२०,६५८** | **(१६,९८५)** | **५०,४०६** | **५३,५६९** | **५०,८६६** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १३१ | (६७) | १६५० | - | - | ५,६३८ | १३,०५८ | १७,५६२ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - | - | - | - | - | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **२७,०९८** | **१८,९६०** | **१९,९७१** | **२०,६५८** | **१६,९८५** | **५६,०४४** | **६६,६२७** | **६८,४२८** |
| १२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च) | ० | - | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | | | | | | | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा** | **२७,०९८** | **१८,९६०** | **१९,९७१** | **२०,६५८** | **(१६,९८५)** | **५६,०४४** | **६६,६२७** | **६८,४२८** |
| १३.कर्मचारी बोनस व्यवस्था | २,४६४ | १,७२४ | १,८१५ | १,८७५ | - | ५०९५ | ६०५७ | ६,२२१ |
| १४.आयकर ब्यबस्था | ७,३९८ | ५,६९८ | ५,७७५ | ५,६३४ | - | १५,२८५ | १८,१७१ | १८,६६२ |
| यस वर्षको | | | | | | | | |
| गत वर्षको | | | | | | | | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | | | | | | | | |
| **खुद मुनाफा/(नोक्सान)** | **१७,२३६** | **११,५३८** | **१२,३८१** | **१३,१४६** | **(१६९८५)** | **३५६६४** | **४२,३९९** | **४३५४५** |
| शेयर संख्या (हजारमा) | **८००** | **१०००** | **१,११०** | **१,६३१** | **१,६३१** | **५,१२६** | **५,१२६** | **५,१२६** |
| प्रति शेयर आम्दानी (रु.) | **१७२४** | **११५४** | **१११५** | **८०६** | **(१३८९)** | **६९६** | **८२७** | **८४९** |

नोट : आ.ब. २०७३/०७४ को वित्तिय विवरण व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तिय विवरण हो ।

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १० | १५ | १५ |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ३० | १० | १० |
| ३. कुल कर्जा तथा निक्षेप + पूँजिकोष अनुपात (प्रतिशतमा) | ५१।०१ | ५०।०२ | ४८।९२ |
| ४. कुल आयमा औषत बृद्धिदर | ३०।६८ | १२।७३ | ११।१३ |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १३।७७ | १०।९६ | १३।७२ |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ७७।७२ | ७६।५० | ७८।२८ |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | १७१।२९ | १८।८८ | २।७० |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ५।२३ | ५।४७ | ५।६८ |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १६।०३ | १६।०३ | १६।०३ |
| १०.आयकर व्यवस्था (प्रतिशतमा) | ३० | ३० | ३० |
| ११.अनिवार्य नगद अनुपात (CRR) | ५।५१ | ५।५३ | ५।५६ |
| १२.बैधानिक तरलता अनुपात (SLR) | ६।६४ | ६।६९ | ६।७५ |
| १३. पूँजीकोष अनुपात (CAR) | २८।४१ | २५।९१ | २३।७० |

यस कम्पनीको गत वर्षको प्रगति विवरणको आधारमा भावी कार्ययोजनाहरुलाई मध्यनजर गरी प्रस्तुत वित्तिय प्रक्षेपणका आधारहरु तयार गरिएको छ ।

ख) अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| **विवरण** | | **वास्तविक (रु. हजारमा)** | | | | **प्रक्षेपित(रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब.०७४ (आश्विन मसान्त सम्म) | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
| चुक्ता पुंजी | १२०,००० | १,३१,००० | १,४३,०८० | २,१२,९१६ | २,१२,९१६ | ५,१२,६१५ | ५,१२,६१५ | ५१२,६१५ |
| जगेडा तथा कोषहरु | १३,९५८ | १३,९१७ | १३,५८२ | १६,३५० | १४,३४६ | २६,३०५ | ३२,७४३ | ४०,३२७ |
| **कुल** | **१,३३,९५८** | **१,४४,९१७** | **१,५६,६६२** | **२,२९,२६६** | **२,२७,२६२** | **५,३८,९२०** | **५,४५,३५८** | **५,५२,९४२** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | | | | | | | | |
| **कुल नेटवर्थ** | **१,३३,९५८** | **१,४४,९१७** | **१,५६,६६२** | **२,२९,२६६** | **२,२७,२६२** | **५,३८,९२०** | **५,४५,३५८** | **५,५२,९४२** |
| शेयर संख्या (हजारमा) | १,००० | १११० | १२३१ | १७२९ | २१२९।१६ | ५१२६ | ५१२६ | ५१२६ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३३।९६ | १३०।५६ | १२७।२८ | १३२।६३ | १३९।३४ | १०५।१३ | १०६।३९ | १०७।८७ |
| प्रति शेयर चुक्ता पुंजी ( रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १२।८७ | ७।९६ | ७।९० | ५।७३ | (२९।९०) | ६।६२ | ७।७७ | ७।८८ |
| | निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | ७।४२ | | |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता डेभलपमेन्ट बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था के.पि.एन. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, डिल्लीबजार, काठमाण्डौं रहेको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७३ साल आषाढ मसान्त सम्मको वासलात**

| **पूँजी तथा दायित्व** | **रकम (रु.हजारमा)** |
|---|---|
| १.शेयर पूँजी | १४३,०८० |
| २.जगेडा तथा कोषहरु | १३,५८२ |
| ३.ऋणपत्र तथा बण्ड | - |
| ४.तिर्न बाँकी कर्जा सापट | - |
| ५.निक्षेप दायित्व | १८,२६,५८० |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८.आयकर दायित्व | ५,५३९ |
| ९.अन्य दायित्व | १७,८७५ |
| **कूल पूँजी तथा दायित्व** | **२०,०६,६५६** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |

| | |
|---|---|
| १.नगद मौज्दात | १,३९,५६६ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ११९,८३४ |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,३४,८०६ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४७६,४५३ |
| ५.लगानी | - |
| ६.कर्जा सापट तथा बिल खरिद | ८,३३,८२६ |
| ७.स्थिर सम्पत्ति | ७७,१०१ |
| ८.गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९.अन्य सम्पत्ति | १,२५,०७० |
| **कूल सम्पत्ति** | २०,०६,६५६ |

**२०७२श्रावण १ गते देखि २०७३ आषाढमसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | १,३९,६४१ |
| २. व्याज खर्च | ८०,००२ |
| **खुद ब्याज आम्दानी** | **५९६३९** |
| ३. कमिशन तथा डिस्काउण्ट | २,८२३ |
| ४. अन्य संचालन आम्दानी | १२०७५ |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **५६,९१५** |
| ६. कर्मचारी खर्च | २२,७३० |
| ७. अन्य संचालन खर्च | ३३,२८८ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१८,५१९** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | १९८ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१८,३२१** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १६५० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **१९,९७१** |
| १२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च) | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा** | १९,९७१ |
| १३.कर्मचारी बोनस व्यवस्था | १,८१५ |
| १४.आयकर ब्यबस्था | ५७७५ |
| यस वर्षको | ५६१८ |
| गत वर्षको | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | १५७ |
| **खुद मुनाफा/(नोक्सान)** | १२,३८१ |
| शेयर संख्या (हजारमा) | १,११० |
| प्रति शेयर आम्दानी (रु.) | ११।१५ |

**आर्थिक वर्ष समाप्त भए पछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटना बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नु पर्ने :** आ.ब.०७४/०७५ असोज मसान्त सम्मको लेखापरिक्षण हुन बाँकी तर व्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु देहाय बमोजिम रहेकोछ ।

**२०७४ साल असोज मसान्त सम्मको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १.शेयर पूँजी | २१२,९१६ |
| २.जगेडा तथा कोषहरु | १४,३४६ |
| ३.ऋणपत्र तथा बण्ड | - |
| ४.तिर्न बाँकी कर्जा सापट | - |
| ५.निक्षेप दायित्व | २०,८६,६०२ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८.आयकर दायित्व | - |
| ९.अन्य दायित्व | १२,२२१ |
| **कूल पूँजी तथा दायित्व** | **२३,२६,०८५** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १.नगद मौज्दात | |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,४०,४६६ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ७३६,७६२ |
| ५.लगानी | - |
| ६.कर्जा सापट तथा बिल खरिद | ११,३८,९४४ |
| ७.स्थिर सम्पत्ति | ८०,०८३ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | ६,८२९ |
| ९.अन्य सम्पत्ति | १२३,००१ |
| **कूल सम्पत्ति** | **२३,२६,०८५** |

**२०७४ श्रावण १ गते देखि २०७४ असोज मसान्त सम्मको नाफा नोक्सान हिसाव**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | २८,४२३ |
| २. व्याज खर्च | ३३,७५३ |
| **खुद ब्याज आम्दानी** | (५३३०) |
| ३. कमिशन तथा डिस्काउण्ट | ५६३ |
| ४. अन्य संचालन आम्दानी | ४,२८३ |
| ५. सटही घटवढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | (४८४) |
| ६. कर्मचारी खर्च | ९,३०३ |
| ७. अन्य संचालन खर्च | ६,२०२ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | (१५,९८९) |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ९९६ |
| **संचालन मुनाफा/(नोक्सान)** | (१६,९८५) |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **१६,९८५** |

| | |
|---|---|
| १२.असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च) | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा** | (१६,९८५) |
| १३.कर्मचारी बोनस व्यवस्था | - |
| १४.आयकर व्यबस्था | - |
| यस वर्षको | |
| गत वर्षको | |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | |
| **खुद मुनाफा/(नोक्सान)** | (१६९८५) |
| शेयर संख्या (हजारमा) | १,६३१ |
| प्रति शेयर आम्दानी (रु.) | (१३।८९) |

**धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नु पर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु बोर्डबाट स्वीकृत गरेर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नु पर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनुपूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गरी संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु बोर्डबाट स्वीकृत गरेर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गरिनेछ ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने परिवर्तनबाट वित्तीय संस्थाको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
च) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
झ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस डेभलपमेन्ट बैंकको सञ्चालनका इतिहास १२ (बाह्र) वर्षको रहेकोछ । डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पु¥याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३" बमोजिम बिक्रि बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी सम्बन्धित लगानीकर्तालाई बाँडफाँट पत्र र फिर्ता भुक्तानी दिईनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी डेभलपमेन्ट बैंकको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :
क) डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय, नेपालगञ्ज उ.मा.पा. १६, बाँके ।
ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरणः लागु नहुने ।**

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएसमा दर्ता गराई धितोपत्रको कारोबार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्नेछ ।

फ) **संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**
डेभलपमेन्ट बैंकको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

ब) **धितापत्र खरिदगर्न चाहने आवेदकले पालना गर्नपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व डेभलपमेन्ट बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली डेभलपमेन्ट बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८)हकप्रद सेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९)यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले सेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१०) कुनै पनि सेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको सेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता सेयरधनीको सेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

१. साबिकको शेयरवालाले नियम १७ बमोजिम गरिने हकप्रद निष्काशन देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र अनुसूची–११ बमोजिमको ढाँचामा सम्बन्धित संगठित संस्थामा निवेदन दिई दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने, व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको ।

(ग) संगठित सस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको ।

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको ।

२. उपनियम (१) बमोजिम मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

३. उपनियम (१) बमोजिम मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

४. शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य ब्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

५. यस नियम बमोजिम हकप्रद धितोपत्र हस्तान्तरण भएका धितोपत्रको संख्या र हस्तान्तरण गरी लिने दिने शेयरधनीको संख्या सम्बन्धी जानकारी सहित उपनियम (३) बमोजिम जम्मा हुन आएको शुल्क निष्काशन तथा बिक्री प्रबन्धक मार्फत हकप्रद निष्काशनको धितोपत्र बाँडफाँड भएको पन्ध्र दिन भित्र बोर्डमा बुझाउनु पर्नेछ ।

६. यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धि व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्दछ

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा विक्री प्रबन्धकको नाम, ठेगाना :**

क) डेभलपमेन्ट बैंकको तह्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि चार्टर्ड एकाउन्टेन्ट संस्थासुरेश श्रेष्ठ एण्ड एसोसिएट्सका श्री सुरेश चन्द्र श्रेष्ठ (चार्टर्ड एकाउण्टेण्ट) नक्साल काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

ख) यस डेभलपमेन्ट बैंकको कम्पनी सचिवमा घोराही दाङ्ग निवासी श्री दिनेश कुमार रावत कार्यरत हुनु हुन्छ ।

ग) डेभलपमेन्ट बैंकको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति निष्काशनकर्ता डेभलपमेन्ट बैंकको हालको दक्षता र निष्काशनकर्ता डेभलपमेन्ट बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था के.पि.एन. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सका श्री केशव प्रसाद न्यौपाने (चार्टर्ड एकाउन्टेण्ट), डिल्लीबजार, काठमाण्डौंले प्रमाणित गर्नुभएको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाण्डौले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा विक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पुँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) डेभलपमेन्ट बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप बिशेष साधारण सभाबाट १: २.२५ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) डेभलपमेन्ट बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) डेभलपमेन्ट बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि डेभलपमेन्ट बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) डेभलपमेन्ट बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि डेभलपमेन्ट बैंकको पूँजी आधारलाई मजवुत तुल्याइ राख्न ।

**निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**
यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेन्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| १. | तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात | १६४,००० |
| २. | कर्जा तथा लगानी प्रवाह | १५६,४५० |
| ३. | शाखा विस्तार | ४,३०० |
| ४. | सरकारी ऋणपत्र | १५,००० |
| | **जम्मा** | **३३९,७५०** |

**र) हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । हकप्रद शेयर विक्री खुल्ला अवधी भित्र सबै धितोपत्र विक्री नभएमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम १८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सुचना प्रकाशन गरी बढीमा थप १५ (पन्ध्र) दिनका लागि घितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।
२. श्री कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड, नेपालगञ्ज, बाँके तथा डेभलपमेन्ट बैंकको अन्य कार्यालयहरु ।
३. श्री प्रभु बैंक लिमिटेडका शाखा कार्यालयहरु विराटनगर,विरगंज,पोखरा,बुटवल र धनगढी ।
४. आश्वा सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर विक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेशगरिनेछैन ।साथै दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरि भरेर बुझाउन सकिने व्यवस्था रहेको छ ।

धितोपत्र निष्काशनको क्रममा बोर्डबाटस्वीकृत भएको विवरण सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।यस्तो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु"लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले निष्कासन तथा विक्री प्रवन्धकको website :www.prabhucapital.comतथा निष्कासन कम्पनीको website: www.kdblnepal.comमा समेत राख्ने व्यवस्था गरिनेछ ।

**निष्काशन बैंक (Banker to the Issue)को नाम तथा ठेगाना :**

| सि.नं. | बैंकको नाम, ठेगाना | खाता नं |
|---|---|---|
| १. | श्री प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौं । | १३५११६००६३१८१६००००६ |

**ब.** **आफ्नो व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

डेभलपमेन्टबैंकले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । यस बैंकका संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समाबेश नरहनुका साथै योग्य रहेको उदघोषण बैंकको रहेकोछ ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७४/०३/२५ मा हकप्रद शेयर स्वीकृति प्रदान गर्दा विगतका सम्पूर्ण विवरणहरु अद्यावधिक गरिसकेको र उक्त अवधिमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन अभिलेख गरि पत्र समेत प्रदान गरेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :नेपाल राष्ट्र बैंकले तोकेको सीमा भित्र तोकिएको चुक्ता पूँजी हुनुपर्ने भनी निर्देशन दिएकोमा निम्नानुसारका तोकिएका शर्तहरु पूरा गरेकाले यस संस्थाले निष्काशन गर्ने हकप्रद शेयरका लागि क्रेडिट रेटिङ्गमा छुट प्रदान गरिएको ।**

**१. अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरेको हुनुपर्ने ।**
- **सोही अनुसार अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरिने ।**

**२. प्रति शेयर नेटवर्थ रु.१००/- भन्दा बढी भएको हुनुपर्ने ।**
- **मिति २०७४ आश्विन मसान्त सम्मको प्रति शेयर नेटवर्थ रु.१३९।३४ रहेको ।**

**३. अंकित मूल्य बजार मूल्य भन्दा बढी भएको हुनुपर्ने ।**
- **मिति २०७४/०९/०९ को बजार मूल्य रु. २६८/- रहेको ।**

४. बिगत पाँच वर्ष देखि संचालनमा रहि कम्तिमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्ने छ र संचित नोक्सान हुन नहुने :
- बिगत १४ वर्षदेखि संचालनमा रहि नाफामा रहेको र संचिप्त नोक्सान नरहेको ।

५. NPL (Non Performing Loan)नेपाल राष्ट्र बैंकले तोकेको सिमाभित्र हुनुपर्ने ।
- NPL (Non Performing Loan) सीमा ३.१२ प्रतिशत रहेको ।

६. पूँजी वृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने ।
- कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०३/०५ मा अभिलेख भईसकेको ।

**श)** **यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रू.) | न्युनतम शेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७१/०७२ | ३५० | १३८ | २६७ | १७१.८५४ |
| ०७२/०७३ | ३२४ | १५७ | ३०३ | ८५.५२ |
| ०७३/०७४ | ४३७ | २०२ | ३१७ | ३३३।७७ |

| महिना | अधिकतम शेयर मुल्य (रू.) | न्युनतम शेयर मुल्य (रू.) | अन्तिम बजार मुल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७४ आश्विन | २८० | २५० | २७५ | २।९५ |
| २०७४ कार्तिक | २८१ | २३८ | २५५ | ८।६७ |
| २०७४ मंसिर | ३१० | २४१ | २६७ | २९।१३ |

**द्रष्टव्य:**

यस डेभलपमेन्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचिबाट प्राप्त गर्न सकिनेछ ।

**३५) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | पशुपती दयाल मिश्रा | अध्यक्ष | |
| २. | डा.उषा शाह | संचालक | |
| ३. | ओम प्रताप राणा | संचालक | |
| ४. | टंक बहादुर बस्नेत | संचालक | |
| ५. | उषा कुमारी भण्डारी | संचालक | |

**स) निष्काशन तथा बिक्रि प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय,प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत,पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धि निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र(ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।